# आर्थिक वर्ष २०७८।०७९ को

# नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७८

चौरजहारी नगरपालिका

नगर सभाको बैठकमा मिति २०७८ साल असार ९ गते बुधबार

नगर प्रमुख श्री बिशाल शर्माज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८।०७९

# को

# नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७८

चौरजहारी नगरपालिका

# नगर सभाका सदस्यहरु

१. कोभिड-१९ महामारीको कारण नेपालसहित विश्व समुदाय नै आक्रान्त बनिरहेको छ । कोरोना भाइरस सङ्क्रमित भई ज्यान गुमाउने नेपाली लगायत सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पन र शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्दै सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएका ऐतिहासिक जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा भएका ऐतिहासिक संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दछु । सोही आन्दोलनको क्रममा घाईते, वेपत्ता, अपाङ्ग भएका योद्धा र स्वाभिमानपूर्ण आन्दोलनमा सरिक भई महत्वपूर्ण योगदान पुऱ्याउनु हुने महान् व्यक्तित्वहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

३. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण, परीक्षण र उपचारको लागि नगरपालिकाको सम्पूर्ण स्रोत साधन र संयन्त्र परिचालन गरी नमूना परीक्षण, उपचार, अक्सिजन आपूर्ति, स्वास्थ्य उपकरण, जनशक्ति, औषधी र अन्य अत्यावश्यक व्यवस्थासहित नगरपालिका पूर्ण रुपमा क्रियाशील रहेको छ ।

४. कोभिड-१९ महामारीको जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने एवम् महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, कर्मचारी, सवारी चालक, सञ्चारकर्मी लगायतका सम्पूर्ण राष्ट्रसेवक, नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु तथा संघ-संस्था, निजी तथा व्यवसायिक क्षेत्र, सञ्चार जगत् सबैलाई धन्यवाद दिन चाहन्छु ।

५. आर्थिक समृद्धि र विकासको दीर्घकालिन लक्ष्य प्राप्तिको लागि नगरपालिकामा सङ्गठित कृषक सहकार्य समूह मार्फत उत्पादन, रोजगारी र आयआर्जनमूलक आर्थिक गतिविधिसँग सम्बन्धित योजना तथा कार्यक्रम

कार्यान्वयन गरी आत्मनिर्भरताको माध्यमबाट नगरपालिकामा रहेको गरिबी तथा बेरोजगारीको विद्यमान अवस्था अन्त्य गर्न नगरपालिका प्रतिवद्ध छ ।

६. युवा लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरी युवा जनशक्तिलाई स्वरोजगारयुक्त बनाउन एवम् सामाजिक तथा सांस्कृतिक रुपान्तरणको लागि युवाशक्ति परिचालन गरी समतामूलक, न्यायपूर्ण, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न नगरपालिका कटिवद्ध रहेको छ र रहनेछ ।

७. नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजना, दीगो विकास लक्ष्य लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता, आगामी आर्थिक वर्ष २०७८/०७९ को संघीय सरकारको बजेट वक्तव्य र आगामी आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आत्मसात गरी त्यसैको मर्मभित्र रही चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

# नगर सभा सदस्यहरु

८. कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण, परीक्षण र उपचार गर्दै **“आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरपालिकाको निर्माण : चौरजहारी नगरवासीको पहिचान”** को दीर्घकालिन सोच हासिल गर्न योजनावद्ध ढङ्गले कार्य गरिनेछ । आवधिक योजना, परियोजना बैंक र मध्यमकालिन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ आगामी कार्यक्रमहरु केन्द्रित हुनेछन् ।

चौरजहारी नगरपालिका

९. कोभिड-१९ रोकथाम, नियन्त्रण, परीक्षण र उपचारको लागि आवश्यक पर्ने आइसोलेसन, अक्सिजन प्लान्ट, अक्सिजन सिलिन्डर, कन्सेन्ट्रेटर, परीक्षण किट्स, रिएजेन्ट, औषधी तथा स्वास्थ्य सुरक्षा सामग्रीहरुको खरिद, आपूर्ति र उपलब्धताको सुनिश्चितता गरिनेछ ।

१०. संघ तथा प्रदेश सरकारसँगको समन्वय, सहकार्य र साझेदारीमा कोभिड-१९ का लक्षण भएका एवम् कन्ट्रयाक ट्रेसिङमा परेका व्यक्तिहरुको निःशुल्क परीक्षण, सङ्क्रमितहरुको निःशुल्क उपचार र पोषिलो आहार व्यवस्था, सुविधासम्पन्न अस्पतालहरुमा रिफर गर्नुपर्ने वा होम आइसोलेसनबाट संस्थागत आइसोलेसनमा ल्याउनुपर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ । सबै नगरवासीलाई कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था मिलाइनेछ ।

११. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारमा संलग्न स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीलाई शतप्रतिशतसम्म जोखिम भत्ता र निःशुल्क उपचार उपलब्ध गराइनेछ । विपद् तथा महामारी विरुद्ध युवा परिचालन गरिनेछ ।

१२. महामारी नियन्त्रणका लागि गरिएका निषेधाज्ञाबाट प्रभावित दैनिक ज्याला मजदुरी गरिखाने वर्गलाई नगरपालिकाबाट सञ्चालित सुपथ मूल्यका पसलबाट सहुलियत दरमा उपभोक्ता कार्डको आधारमा खाद्यान्न तथा राहत उपलब्ध गराइनेछ ।

१३. जनताको मौलिक हकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरिय बनाई सबैको सहज पहुँच सुनिश्चित गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, औषधी, भौतिक संरचना लगायतको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरिनेछ । शहीद स्मृति नगर अस्पताललाई थप व्यवस्थित र सुविधासम्पन्न बनाईनेछ ।

चौरजहारी नगरपालिका

१४. सबै नगरवासीलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराईनेछ । जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहीद घरपरिवार, जेष्ठ नागरिक, वादी समुदाय, दलित लगायत विपन्न घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाईनेछ ।

१५. आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्रहरु स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

१६. किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्यमा सुधार ल्याईनेछ । सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधनसहित व्यवस्थित गरिनेछ ।

१७. नगरपालिकाभित्र भएका एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । सुत्केरी, ७० बर्षमाथिका जेष्ठ नागरिक, जनयुद्ध, जनआन्दोलनका घाइते, अपाङ्ग, शहीद परिवारका एकाघरका परिवारका सदस्यहरु, पूर्ण अशक्त अपाङ्ग र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरु एवम् अति विपन्न गरिब परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई निःशुल्क एम्बुलेन्स सेवा र नगर बस सेवा उपलब्ध गराईनेछ । नगरपालिकामा सञ्चालन भईरहेका निजी क्लिनिक, पोलिक्लिनिक, अस्पताल, फार्मेसीहरु मापदण्ड अनुसार सञ्चालन हुने नीतिलाई निरन्तरता दिईनेछ ।

१८. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहको अधिकार र शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको लागि शैक्षिक जागरण अभियानलाई निरन्तरता दिईनेछ । सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार सुधार गरिनेछ । **टिनका छाना तथा कच्ची भवन संरचनामुक्त पक्की भौतिक संरचनायुक्त सामुदायिक विद्यालय निर्माण** अभियानलाई तीब्रता दिईनेछ ।

गौरङ्गन नगरपालिका

१९. निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको मान्यतालाई कार्यान्वयन गर्न कक्षा पाँचसम्मका बालबालिकाहरुलाई निःशुल्क पोशाक र स्टेशनरी सामग्रीको व्यवस्था गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा निःशुल्क दिवा खाजा, महिनावारी उमेर समूहका किशोरी छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाईनेछ । विद्यालयमा जङ्कफुडलाई बन्देज गरी जङ्कफुड तृस्कार अभियान चलाईनेछ ।

२०. निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीका छोराछोरी अनिवार्य रुपमा सरकारी विद्यालयमा भर्ना गर्न प्राथमिकता दिनुपर्ने बाध्यकारी व्यवस्था गरिनेछ ।

२१. पूर्वाधार सम्पन्न, बालमैत्री र हरित विद्यालय निर्माण गरिनेछ । मापदण्डको आधारमा नक्साङ्कन गरी विद्यालय समायोजन र वितरण गरिनेछ । संघ तथा प्रदेश सरकारबाट घोषणा गरिएका नमूना विद्यालयहरुको स्वीकृत गुरुयोजना अनुसार भौतिक संरचना निर्माण, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।

२२. नगरपालिकाबाट थप एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिनेछ । नगरपालिकाबाट घोषित नमूना विद्यालयमा कमाउँदै पढ्दै कार्यक्रम लागू गरी श्रममा आधारित प्राविधिक शिक्षालाई प्रवर्द्धन गरिनेछ ।

२३. सामुदायिक विद्यालयहरुको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण अनुसार शिक्षक कर्मचारीहरुको व्यवस्था गरिनेछ । कम्तिमा कक्षा ८ सञ्चालन भएका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी कम्प्युटर शिक्षकको व्यवस्था मिलाई प्रविधिमा आधारित शिक्षा प्रणालीलाई प्रोत्साहित गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

२४. माध्यमिक तहमा कार्यरत शिक्षकहरुमध्ये पहिलो चरणमा गणित र विज्ञान शिक्षकहरुले अनिवार्य रुपमा कम्तिमा आधारभूत तहको कम्प्युटर

चौरजहारी नगरपालिका

तालिम लिनुपर्ने व्यवस्था गरिनेछ । पहिलो चरणमा आधारभूत कम्प्युटर तालिम लिएका आधारभूत तथा माध्यमिक तहका गणित र विज्ञान शिक्षकहरुलाई प्रति शिक्षक एक/एक वटा ल्यापटपको व्यवस्था गरिनेछ ।

२५. शिक्षकहरुको पेशागत सीप र क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ । सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक, विद्यालय कर्मचारी र बाल शिक्षिकाहरुलाई कार्यालय सञ्चालन तथा शिक्षण सिकाई सहजीकरण सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाबीच निरन्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. प्रधानाध्यापकहरुको मासिक बैठक आयोजना गरिनेछ । नगरपालिकाले प्रधानाध्यापकहरुसँग गरेको कार्यसम्पादन करार सम्झौता अनुसार कार्यसम्पादन मूल्याङ्कन पद्धतीलाई वस्तुनिष्ठ र सूचकमा आधारित बनाई दण्ड र पुरुस्कारको नीति कडाईपूर्वक कार्यान्वयन गरिनेछ । विद्यालयमा साप्ताहिक रुपमा र नगरस्तरमा शैक्षिक क्यालेन्डर अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

२७. गरिब तथा जेहेन्दार बालबालिकाहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था गरिनेछ । प्रदेश सरकारको सहयोग र सहकार्यमा सबै सामुदायिक विद्यालयमा नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. अपाङ्गता भएका व्यक्तिहरुको गुणस्तरिय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गर्न विशेष शिक्षा सञ्चालन गरेका विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ । नगरपालिकाले निर्माण गर्ने पूर्वाधारलाई अपाङ्गमैत्री बनाईनेछ । अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी पूर्ण अशक्त अपाङ्ग, अति अशक्त अपाङ्ग लगायत विशेष

चौरजहारी नगरपालिका

संरक्षणको आवश्यकता रहेका अपाङ्गता भएका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाको कार्य गरिनेछ ।

२९. महामारी र विपद्मा बालबालिकाको शैक्षिक निरन्तरताका लागि वैकल्पिक माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । संघीय सरकारको सहयोगमा बालकल्यान अधिकारीको व्यवस्था गरिनेछ ।

३०. प्रभावित तथा हिंसापीडित महिलाहरुका लागि संरक्षण घर (सेफ हाउस) निर्माण गरी सञ्चालन गरिनेछ ।

३१. महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । लैङ्गिक हिंसा लगायत स्थानीय स्तरमा घट्ने आपराधिक घटनाहरु निवारणको लागि कानूनी सचेतना, बहस, पैरवी र अन्य उपयुक्त सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान, नारी दिवश, अपाङ्गता दिवश, जातीय भेदभाव तथा रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय दिवश, बाल दिवश लगायतका दिवशीय कार्यक्रमहरुलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको दिशातर्फ अग्रसर हुने अवसरको रुपमा उपयोग गरिनेछ । संघीय सरकारसँगको साझेदारीमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ ।

३२. जोखिममा परेका, अशक्त असहाय बालबालिकाको उद्धार गरी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा बालगृह निर्माण गरी गास, बास, कपास, शिक्षा, स्वास्थ्य र मनोरञ्जनको सुनिश्चितता गरिनेछ ।

३३. दलित समुदायमा रहेका परम्परागत सीप तथा क्षमताको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । दलित लक्षित आयआर्जन, सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरी दलित समुदायलाई आत्मनिर्भर बनाईनेछ । जातीय भेदभाव र विभेद विरुद्धका चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । जनजाती लक्षित उद्योग व्यवसायमा लगानी गरिनेछ ।

चौधरी नगरपालिका

३४. भूमिहीन, दलित तथा श्रममा आधारित गरिब, उत्पीडित श्रमिकहरुलाई प्राथमिकता दिई कृषक सहकार्य समूह, सहकारी मार्फत युवा लक्षित **कामसहितको माम**को व्यवस्था गरिनेछ ।

३५. जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवको पूर्ण उपयोग गर्न प्रयत्न गरिनेछ । जेष्ठ नागरिकलाई न्यानो कपडा व्यवस्था गरी सम्मान गरिनेछ । रामजानकी दिवाश्रमलाई थप व्यवस्थित गरिनेछ ।

३६. युवा लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । नगर प्रमुख रोजगार कार्यक्रम मार्फत युवाहरुलाई उत्पादन तथा विकास निर्माणका कार्यहरुमा परिचालन गरिनेछ । युवाहरुलाई खेलकुदमा आकर्षित गर्न संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा चौरजहारी नगरपालिका वडा नं. २ मा क्षेत्रीय रङ्गशाला, वडा नं. १० शहीद मैदानमा खेलकूद ग्राम निर्माण र प्रत्येक वडामा एक वडा एक खेल मैदान अवधारणा अनुसार खेल मैदान निर्माण कार्यलाई अगाडि बढाई खेल विधा अनुसार खेल सामग्री, ड्रेस तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग गरिनेछ ।

३७. युवाहरुलाई प्राविधिक तालिम, स्वयंसेवा, नगर प्रहरी, श्रम सहकारी, खोज अनुसन्धान कार्य, कला तथा साहित्य, खेलकूद, शैक्षिक क्षेत्र आदि माध्यमबाट सङ्गठित गरी परिचालन गरिनेछ । नगर प्रहरीलाई सामाजिक रुपान्तरण, आर्थिक विकास र उत्पादनको क्षेत्रमा समेत परिचालन गरिनेछ । बेरोजगार युवालाई स्वरोजगार बन्न विना व्याज ऋण अनुदान उपलब्ध गराईनेछ । सामाजिक सांस्कृतिक रुपान्तरणको लागि युवाशक्ति परिचालन गरिनेछ ।

३८. नगर प्रमुख कप खेलकूद प्रतियोगितालाई थप व्यवस्थित गरी युवा खेलाडीहरुको प्रतिभा प्रस्फुटन गराउने अवसरको रुपमा उपयोग गरिनेछ ।

३९. जनयुद्ध तथा जनआन्दोलनका घाइते तथा अपाङ्गहरुलाई निःशुल्क उपचार गर्न संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ । जनयुद्धका

चौरजहारी नगरपालिका

घाइते तथा अपाङ्गहरुको पहिचान गरी मासिक रु एक हजार बराबरको रकम जनयुद्धका घाइते तथा अपाङ्ग लक्षित उद्योगमा लगानी गर्ने र उक्त रकम उद्योगमा शेयरको रुपमा कायम हुने व्यवस्था मिलाईनेछ । जनयुद्ध तथा जनआन्दोलनमा जीवन उत्सर्ग गर्ने महान् शहीदहरुका घरपरिवारलाई प्रतिघरपरिवार सम्मान स्वरुप मासिक रु एक हजार उपलब्ध गराई उक्त रकम शहीदहरुका घरपरिवार लक्षित उद्योगमा शेयरको रुपमा कायम हुने व्यवस्था मिलाईनेछ । स्थापित उद्योगहरुमा शहीद परिवार, घाइते तथा अपाङ्ग योद्धा तथा निजहरुका घरपरिवारलाई रोजगारी दिन प्राथमिकता दिईनेछ । जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग, शहीद परिवारहरु लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. अशक्त, असहाय, दीर्घ रोगी एवम् विशेष संरक्षण र पालनपोषणको आवश्यकता पर्ने व्यक्तिहरुलाई आर्थिक सहायता सम्बन्धी मापदण्ड अनुसार आर्थिक सहायता उपलब्ध गराईनेछ । सो क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई सहयोग उपलब्ध गराईनेछ । जटिल किसिमका दीर्घ रोगीहरुलाई निःशुल्क उपचारको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

४१. नगरपालिकामा परम्परादेखि अस्तित्वमा रहेका लोक संस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । नगरपालिकामा रहेका महत्वपूर्ण मठमन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण, संवर्द्धन एवम् जिर्णोद्धार गरिनेछ ।

४२. **एक घर एक धारा खानेपानी** निर्माण अभियानलाई थप विस्तार गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा एक घर एक धारा खानेपानी आयोजना सम्पन्न हुन बाँकी वडाहरुमा आगामी आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिनेछ ।

चौरजहारी नगरपालिका

४३. नगरपालिकामा निर्मित लिफ्ट खानेपानी आयोजनाहरुको मर्मत संभार तत्कालै हुने व्यवस्था मिलाईनेछ । लिफ्ट खानेपानी आयोजना लगायत अन्य अन्य निर्मित संरचनाहरु प्राकृतिक प्रकोप वा यस्तै अन्य कारणले बिग्रे भत्केमा शीघ्र मर्मत संभार वा पुनर्निर्माण हुने गरी प्रत्येक आयोजनाबाट कूल विनियोजित बजेटको १ प्रतिशतले हुने रकम जम्मा गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिनेछ । उक्त कोषमा नगरपालिकाबाट प्रत्येक वर्ष निश्चित रकम जम्मा हुने व्यवस्था मिलाईनेछ ।

४४. पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणाको लागि वास (WASH) योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । नयाँ शहर आयोजनासँगको साझेदारीमा व्यवस्थित ल्यान्डफिल साइटको निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

४५. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी तुल्याईनेछ । बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई कम्तिमा एक सय दिन बराबर रोजगारी उपलब्ध गराउन पर्यत्न गरिनेछ ।

४६. कृषिमा आधारित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ । कृषिको विविधिकरण, व्यवसायिकरण र यान्त्रिकरणको लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ । किसानहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४७. खेतीयोग्य भूमिको उत्पादनशील उपयोग गरिनेछ । खेतीयोग्य जमिन बाँझो राख्न नपाईने नीतिलाई निरन्तरता दिईनेछ ।

४८. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्रत्येक वडामा कृषि प्रसार सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

४९. प्रदेश सरकारसँगको साझेदारीमा कम्तिमा एक कृषि बजार, बीउ उत्पादन तथा प्रशोधन भण्डारण केन्द्र, दूध सङ्कलन तथा प्रारम्भिक प्रशोधन

चौरजहारी नगरपालिका

केन्द्र, आधारभूत सुविधासहितको कृषि तथा पशु सेवा केन्द्र, खाद्य भण्डार केन्द्र, कृषि सामग्री केन्द्र, कोल्ड स्टोर निर्माणको लागि पर्यत्न गरिनेछ ।

५०. नगरपालिकाबाट नै लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण र नियमन हुने व्यवस्था कार्यान्वयन गरिनेछ । गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी तुल्याईनेछ ।

५१. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा किसान सूचीकरण गरी किसान परिचयपत्र उपलब्ध गराईनेछ । परिचयपत्र प्राप्त किसानहरुलाई उत्पादनको आधारमा अनुदान वा ब्याज अनुदानमा ऋण सहयोग उपलब्ध गराईनेछ ।

५२. कृषि पकेट क्षेत्र अनुसार लगानी गर्ने संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ । नगरपालिकामा संभावित खाद्यान्न उत्पादन, बीउ उत्पादन, मसला बाली, फलफूल, तरकारी, पशुपालन, मौरीपालन, मत्यपालन लगायतका व्यवसायलाई प्रवर्द्धन गरिनेछ । कृषि बीमा, कृषकहरुले उत्पादन गरेका कृषि उपज वस्तु खरिद तथा बिक्री वितरण, प्राङ्गारिक तथा रसायनिक मलको सहज आपूर्ति लगायतको कार्यको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

५३. कृषक सहकार्य समूहहरुलाई राष्ट्रिय वाणिज्य बैंक मार्फत सहुलियत दरमा कृषि कर्जा उपलब्ध गराउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ । कृषक सहकार्य समूहहरुलाई बैंकबाट सहज तरिकाले ऋण उपलब्ध गराउन एवम् आवश्यक अन्य परामर्श र प्राविधिक सहयोगको लागि प्रति पाँच सय समूह बराबर एक जना स्वयंसेवक परिचालन गरिनेछ । कृषक सहकार्य समूहले लिएको कर्जाको ब्याज प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नगरपालिकाले भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ ।

५४. आफ्नो सम्पूर्ण जीवनकाल कृषि व्यवसायमा व्यतित गर्ने किसानहरुलाई मध्यनजर गरी कृषक पेन्सन कार्यक्रम लागू गर्ने प्रयोजनार्थ

चौरजहारी नगरपालिका

कृषक पेन्सन कोष स्थापना गरी निश्चित रकम वार्षिक रुपमा उक्त कोषमा जम्मा हुने व्यवस्था मिलाईनेछ । उक्त रकम कृषिमा आधारित उद्योगमा त्यस्ता किसानहरुको शेयरको रुपमा कायम हुने गरी लगानी गरिनेछ ।

५५. संघ तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा भू-उपयोग योजना तर्जुमा गरिनेछ । यस नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिँदै उक्त जग्गा उपभोग गरे वापत कानून बमोजिम नगरपालिकामा राजस्व तिर्नुपर्ने नीतिलाई निरन्तरता दिईनेछ । भूमि सम्बन्धी समस्या समाधान आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिनेछ ।

५६. संघ तथा प्रदेश सरकार र जहारीखोला नमूना कृषि सहकारी संस्था लिमिटेडसँगको साझेदारीमा चौरजहारी नगरपालिका वडा नं. ११ मा स्थापना हुने औद्योगिक ग्रामको निर्माण कार्यलाई तीब्रता दिईनेछ । औद्योगिक ग्राममा स्थापना हुने बीउ प्रशोधन उद्योग, दाना, कापी, जुस, गार्मेन्ट उद्योग र टिस्यू कल्चर पूर्ण रुपमा सञ्चालन हुने व्यवस्था मिलाईनेछ । उद्योग सञ्चालन गर्ने युवा व्यवसायी, समूह तथा सहकारीहरुलाई ब्याज अनुदानमा ऋणको व्यवस्था गरिनेछ ।

५७. मूलतः महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरु सङ्कलन गरी बिक्री गर्न तथा उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरु, मेसिन औजारहरु आपूर्ति गर्न कोशेलीघर स्थापना गरी सञ्चालन गरिनेछ ।

५८. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा भेरी नदीमा राफ्टिङ्ग व्यवसाय सञ्चालन, मालिका, लापुलेगाउँ देवल, शिव गुफा, चिमेरे गुफा लगायतको पर्यटकीय पूर्वाधार निर्माण र अन्य संभावित पर्यटकीय क्षेत्रहरुको पहिचान गरी संभाव्यता अध्ययन गरिनेछ ।

चौरजहारी नगरपालिका

५९.	ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नति गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको सहलगानी तथा सहकार्यमा चौरजहारी-नार्जि-चौफाबजार-नुवाकोटडाँडा सडक, चिप्लेटि-फारुलापोखरी-जोगिनेटा-नुवाकोटडाँडा सडक, चौरजहारी-मेलैनाउली-लहरेसिमल-खोलागाउँ-नेटा सडक, वडा कार्यालयका केन्द्र जोड्ने सडकहरुलाई बाह्रै महिना सुचारु गर्न आवश्यक मोटरेवल पुल निर्माण, ढल तथा नाला व्यवस्थापन, ग्राभेल तथा थप स्तरोन्नतिको काम गरिनेछ ।

६०.	नगरपालिकाबाट सञ्चालित नगर बस सेवालाई थप विस्तार गरिनेछ । आधूनिक र सुविधा सम्पन्न कम्तिमा दुई वटा नगर बस खरिद गरी सञ्चालमा ल्याईनेछ । नगर बस सेवा सञ्चालनको लागि निजी क्षेत्रसँग साझेदारी गरिनेछ । सार्वजनिक यातायातलाई भरपर्दो, विश्वसनिय र सुरक्षित तुल्याईनेछ ।

६१.	नयाँ शहर आयोजनासँगको समन्वयमा निर्माणाधिन पक्की सडकहरुको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ । बसपार्कलाई व्यवस्थित गरिनेछ । सडकको क्षेत्राधिकार र सेटव्याक अनुसार सडकको विस्तार गरिनेछ । सडक बत्ती, ढल निर्माण, पार्किङ, फोहरमैला व्यवस्थापन लगायतको कार्य गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

६२.	नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको कडाईपूर्वक कार्यान्वयन गरिनेछ । नगरपालिका क्षेत्रभित्र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिईनेछ । नक्सापास गरेर मात्र भवन निर्माण गर्न पाईने कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरी नक्सा पास नगरी निर्माण भईसकेका भवनको अनिवार्य रुपमा अभिलेखीकरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । नक्सा पास गर्दा घरको वरीपरी कम्तिमा पाँच वटा रुख लगाउने व्यवस्थालाई बाध्यकारी बनाईनेछ ।

६३.	मानवीय आवतजावतलाई सहज र व्यवस्थित गर्न आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा सुख्खा खेतीयोग्य भूमिमा सिँचाई सुविधा विस्तार गरिनेछ । कृषिको उत्पादन र उत्पादकत्वलाई विश्लेक्षषण गरी संभावित क्षेत्रहरुमा सिँचाई कूलो/पोखरी निर्माण तथा पाइप खरिद गरी वितरण गरिनेछ ।

६४.	नगरपालिकाका सबै क्षेत्रमा सहज रुपमा टेलीफोन सेवा उपलब्ध गराउन संघ तथा प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरिनेछ ।

६५.	प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् सूचनाको हक कार्यान्वयन र सञ्चार क्षेत्रको व्यवसायिक विकास तथा भौतिक पूर्वाधार निर्माण कार्य गरिनेछ । नेपाल पत्रकार महासंघ जिल्ला शाखा रुकुम (पश्चिम) र जिल्लामा सक्रिय पत्रकारहरुसँग नियमित भेटघाट मार्फत नगरपालिकाबाट भए गरेका गतिविधिहरुको बारेमा जानकारी गराईनेछ ।

६६.	नगरपालिकाभित्र सञ्चालित दुई वटा एफ.एम. रेडियो र पत्रिकाहरुलाई व्यवस्थित गरिनेछ । एफ.एम. रेडियोको क्षमता विस्तार, सञ्चालन तथा व्यवस्थापनको लागि निजी क्षेत्रसँग साझेदारी गरिनेछ । नगरपालिकाका गतिविधिहरुलाई आम नागरिक समक्ष पुर्याउन नगर सेरोफेरो लगायतका रेडियो कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । विद्युतिय एवं छापा माध्यमबाट सेवा प्रदान गर्ने स्थानीय संचार माध्यमलाई प्रोत्साहित गरिनेछ ।

६७.	सञ्चार माध्यमहरुलाई लोककल्यानकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ । पत्रकारहरुको पेशागत क्षमता अभिवृद्धिको लागि सहयोग गर्न पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

६८.	नगरपालिकामा रहेका सबै प्रकृतिका व्यापार तथा व्यवसायहरुको नियमित अनुगमन गरी व्यापारिक तथा व्यवसायिक विकृति र विसङ्गतिजन्य क्रियाकलापहरु निर्मूल पार्दै उपभोक्ता हक, अधिकार र स्वास्थ्यको संरक्षण

छौरमहरी नगरपालिका

एवम् संवर्द्धन गरिनेछ । नयाँ शहर आयोजनासँग साझेदारी गरी बजार क्षेत्रमा सिसिटिभि/क्यामेरा जडान गरिनेछ ।

६९. विद्युत लाईन पुग्न बाँकी वडाहरुमा तीव्र गतिले विद्युत लाईन विस्तार गरिनेछ । विद्युत उत्पादनको स्तरवृद्धि गर्ने वा अरु कुनै वैकल्पिक उर्जा विकास गर्न सक्ने विषयमा स्पष्ट योजना बनाई विद्युतमा लगानी गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

७०. जिल्ला समन्वय समितिसहित रूकुम (पश्चिम) का ६ वटै पालिका शेयर सदस्य रहेको स्यार्पु पावर कम्पनी लिमिटेडमा स्यार्पु हाइड्रो पावर निर्माण गर्न, दूधजन्य उद्योग स्थापना गर्न एवम् कम्पनीको उद्देश्य अनुरुपका अन्य कार्यहरु गर्न नगरपालिकाले व्यहोर्नुपर्ने शेयर रकमसहित कम्पनीको निर्णयानुसार नगरपालिकाको तर्फबाट थप लगानी गरिनेछ ।

७१. नगरपालिकाको स्थापना कालदेखि हालसम्म सम्पादित कार्यहरुको स्तरिय भिडियो डकुमेन्ट्री तयार पारिनेछ । यसको लागि स्थानीय एवम् राष्ट्रियस्तरमा क्रियाशील कलाकार तथा सञ्चारकर्मीहरुलाई परिचालन गरिनेछ ।

७२. आगामी आर्थिक वर्षभित्र सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाका आफ्नै प्रशासनिक भवन संरचना निर्माण गरिनेछ ।

७३. प्रदेशस्तरिय प्रहरी तालिम केन्द्र निर्माण गर्न चौरजहारी नगरपालिका वडा नं. ३ स्थित अम्माचौरमा जग्गा प्राप्ति भईसकेको सन्दर्भमा उक्त स्थानमा प्रहरी तालिम केन्द्र निर्माणको लागि कर्णाली प्रदेश सरकारसँग समन्वय गरी कार्य आरम्भ गरिनेछ । नगरपालिकामा रहेका प्रहरी चौकीलाई जग्गा व्यवस्थापन गरी भवन निर्माण गर्न आवश्यक सहयोग गरिनेछ ।

७४. नगरपालिकामा रहेका सामुदायिक वनहरुको संरक्षण, संवर्द्धन तथा दीगो उपयोग गरिनेछ । सुख्खा डाँडाकाँडा तथा नदी किनाराका फाँटहरुमा वृक्षारोपण गर्ने कार्यलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । यसको लागि

चौरजहारी नगरपालिका

वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याईनेछ । सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सामुदायिक वन उपभोक्ता समितिहरुलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरुक र क्रियाशील तुल्याईनेछ । नगरपालिकामा रहेका मूलहरुको संरक्षण गरिनेछ ।

७५. नदी तथा खोलाको कटानबाट खेतीयोग्य भूमि, मानवबस्तीको सुरक्षा गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी व्यापक रुपमा तटवन्धन र खोला तथा नदी नियन्त्रण कार्यक्रमलाई अगाडि बढाईनेछ ।

७६. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सोही अनुसार विपद् व्यवस्थापनका कार्यहरु अगाडि बढाईनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विपद् जोखिम रोकथाम, तयारी, उद्दार, राहत तथा पुनर्स्थापनाको लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ । संघीय सरकारको सहयोग र सहकार्यमा दमकलको व्यवस्था गर्न पर्यत्न गरिनेछ ।

७७. प्रकोप व्यवस्थापन कोषलाई थप व्यवस्थित गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राकृतिक प्रकोपको कारण घरसंरचना पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रुपमा क्षति भएका घरपरिवारको घर संरचना प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्य गरिनेछ ।

७८. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खर तथा फुसका छाना भएका घरहरु विस्थापित गरी सुरक्षित आवास निर्माण गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा भूमिहीन तथा घरवारविहीन विपन्न नागरिकहरुको आवास निर्माण गरिनेछ ।

७९. नगरका रणनैतिक महत्वका आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा निर्माण कार्य अगाडि बढाईनेछ । अन्धाधुन्धा



चौरजहारी नगरपालिका

बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभई आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ। साना र प्रतिफल नदिने फजूल खर्च हुने आयोजनाहरुमा बजेट विनियोजन गरिने छैन् । लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिनेछ ।

८०. वडाहरुमा प्रशासनिक तथा पूँजीगत बजेट निश्चित मापदण्डको आधारमा मात्र विनियोजन गरिनेछ । दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ । संघ तथा प्रदेश सरकारबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन् ।

८१. सामाजिक परिचालन, सामाजिक विकृति र विसङ्गतिको अन्त्य गरी सभ्य र न्यायपूर्ण समाज निर्माण गर्न प्रत्येक वडामा सामाजिक रुपान्तरण तथा सुधार समिति गठन गरी परिचालन गरिनेछ ।

८२. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । वडास्तरिय एवम् नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको दक्षता वृद्धिको लागि क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । फिल्डमा खटिने कर्मचारीहरुलाई फिल्ड प्रतिवेदन एवम् कार्य सम्पादन मूल्याङ्कनको आधारमा निश्चित मापदण्ड बनाई दोहोरो नपर्ने गरी सुरु तलब स्केलको चालिस प्रतिशतसम्म फिल्ड भत्ता उपलब्ध गराईनेछ ।

८३. भौतिक संरचना निर्माण गर्दा वातावरण अनुकूल हुने गरी दिगो विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ । एउटा संरचना बन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने वा एउटा विकास आयोजनाले अर्को विकास आयोजनाको विनास गर्ने अवस्थाको अन्त्य गरिनेछ । वातावरण अनुकूल दीगो विकासको लागि कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन

चौरजहारी नगरपालिका

वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कडाईपूर्वक कार्यान्वयन गरिनेछ ।

८४. **सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरुस्कार र खराबलाई दण्ड**को मान्यता अनुसार उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुरुस्कृत गरिनेछ । नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्ध कठोर कदम चालिनेछ । **"म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन पनि दिन्न"** भन्ने मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनेछ । सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्य सम्पादन करार सम्झौता गरी सूचकहरुको आधारमा मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८५. नगरपालिका एवम् नगरपालिका अन्तर्गतका निकायहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुको श्रम कानून बमोजिम न्यूनतम पारिश्रमिक रु १५ हजार कायम गरिनेछ । राष्ट्रसेवक शिक्षक कर्मचारीहरुको मनोबल उच्च राख्न एवम् कार्य सम्पादनस्तर बढाउन रुजु हाजिरी विवरणको आधारमा दैनिक रु २५ खाजा खर्च उपलब्ध गराईनेछ ।

८६. राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारिकरणमा जोड दिईनेछ । प्रगतिशिल करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिनेछ ।

८७. **"कर र मृत्यु शाश्वत सत्य हुन्"** भन्ने मान्यता अनुसार करलाई बाध्यकारी बनाईनेछ । कर संकलन तथा करदाता शिक्षाको लागि नगर प्रहरी लगायतको संयन्त्र परिचालन गरिनेछ ।

८८. नगरपालिकाबाट सम्पादन हुने सबै कार्यहरु एवम् सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ । सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय, परिणाममुखी, चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी र अनुमानयोग्य बनाउने

नीति लिईनेछ । मुस्कानसहितको सार्वजनिक सेवा प्रवाह नगरपालिकाको मूलभूत उद्देश्य हुनेछ ।

८९. संस्था दर्ता, नवीकरण लगायतका समाजकल्यानसँग सम्बन्धित कार्यहरु समेत नगरपालिकाबाट नै सम्पादन हुने व्यवस्था मिलाईनेछ । स्थानीय तहको क्षेत्राधिकारभित्रका सबै अधिकारहरुको प्रयोग गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।

९०. जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्य सम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने र मासिक समीक्षा तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन पद्धति, नमूना कार्यालय मापदण्ड लगायतका कार्य सम्पादनस्तर मापण गर्न विकास गरिएका प्रणाली र कानूनी व्यवस्थाहरुको कडाईपूर्वक कार्यान्वयन गरिनेछ ।

९१. सङ्गठन संरचना र दरबन्दी विवरण अनुसार कर्मचारीको व्यवस्था गरिनेछ । चुस्त र दुरुस्त सङ्गठन निर्माण गरिनेछ । सूचना प्रविधिको व्यापक प्रयोग गरी सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ । डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस वोर्ड, समयानुकूल सफ्टवेयरहरुको प्रयोग, डिजिटल हाजिरी लगायतको विद्युतीय प्रविधिहरुको प्रयोग नगरपालिकाका सबै निकायहरुमा अनिवार्य गरिनेछ ।

९२. न्यायिक समितिलाई सुव्यवस्थित, चुस्त दुरुस्त एवम् मेलमिलाप र मध्यस्थताको भरपर्दो माध्यम बनाईनेछ । इजलास तथा मेलमिलापको कार्यलाई थप व्यवस्थित गरिनेछ । संघीय सरकारको सहयोग र सहकार्यमा न्यायिक समितिको क्षमता बढाउन कानूनको ज्ञान तथा अनुभव भएका अधिकृतस्तरका कर्मचारीको प्रवन्ध गरिनेछ ।

चौरजहारी नगरपालिका

९३.	संघ, प्रदेश र स्थानीय तहबीचमा समन्वय, सहकार्य र सहअस्तित्वको भावना विकास गर्न पर्यत्न गरिनेछ । जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा नेपालको संविधानले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न नगर कार्यपालिका प्रतिवद्ध छ ।

९४.	चौरजहारी नगरपालिकामा कार्यक्षेत्र बनाई काम गर्ने गैरसरकारी संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रुपमा नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ ।

९५.	अन्त्यमा, यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सुझाव, सल्लाह र परामर्श दिएर सहयोग र मार्गदर्शन गर्नुहुने पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा, कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री माननीय गोपाल शर्मा, रुकुम (पश्चिम) जिल्ला समन्वय समिति प्रमुख आदरणीय राजकुमार शर्मा एवम् नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने सु-अवसर प्रदान गर्ने नगरवासी सम्पूर्ण जनसमुदाय, नगर कार्यपालिका र नगर सभाका सदस्यहरु, राजनीतिक दल एवम् भातृसंगठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, संचार जगत लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

चौरजहारी नगरपालिका